Received Date: Oct. 2025 Revised: Nov. 2025 Accepted: Dec. 2025

# विदेह क्षेत्रको उत्खनन् सन्दर्भ भेनिस चार्टर

प्रकाश दर्नाल
पुरातत्वविद्
Email : darnalp@gmail.com
*Doi: https://doi.org/10.3126/hisan.v11i1.92778*

**सारसंक्षेप**

*नेपालमा पुरातत्वको इतिहास सन् १८९६ मा खड्ग समशेर र ए. फुहररले लुम्बिनीमा अशोक स्तम्भ फेला पारेपछि शुरुवात भएको थियो । सन् १८९९ मा पी. सी. मुखर्जीले लुम्बिनीमा उत्खनन गरी बुद्ध जन्मेको मूर्ति, बुद्ध जन्मेको स्थान तथा विभिन्न संरचनाको भग्नावशेष भएको पत्ता लगाए । पुरातत्वविद् तारानन्द मिश्र र बाबुकृष्ण रिजालले पनि लुम्बिनीको उत्खननमा महत्त्वपूर्ण योगदान दिएका थिए । पुरातत्वविद् शुक्रसागर श्रेष्ठले सन् १९९९ देखि २००४ सम्म रामग्राम स्तुपाको उत्खनन गरेपछि पण्डितपुरको पहिलो उत्खनन गरी यसलाई कपिलवस्तुको तिलौराकोट समकालीन भनेका थिए । शुक्रसागर श्रेष्ठलाई पण्डितपुर पत्ता लगाउने श्रेय दिन सकिन्छ । पुरातात्विक क्षेत्रमा उत्खननको ज्यादै महत्त्वपूर्ण स्थान छ । हाँडिगाउँको उत्खननबाट काठमाडौं उपत्यका पहिलो शताब्दी इशा पूर्वको भन्ने थाहा भयो । मध्यकालको भनिएको काष्ठमण्डप सातौं शताब्दीको रहेछ भने काष्ठमण्डपको वस्ती बसेको इ.पू. पहिलो शताब्दी भन्ने तथ्य भूकम्पपछि यहाँ गरिएको उत्खनन्बाट पत्ता लाग्यो । त्यस्तै लुमिनी गाउँ इ.पू. १३ औं शताब्दीदेखि नै अस्तित्वमा भएको पाइन्छ । गोटीहवा र पिप्री उत्खनन्मा पनि ताम्र प्रस्तर संस्कृति नारहन संस्कृति प्रमाणित भएको छ । लुम्बिनीका शिलालेख इ.पू.तेस्रो शताब्दीको मात्र थियो तर उत्खनन्बाट लुमिनी गाउँ नेपालकै सर्वप्राचीन प्रमाणित गाउँ भन्ने थाहा हुन आएको छ । अहिलेको जनकपुरको प्राचीन नाम विदेह थियो । मिथिको शरीर मथेर राजा बनाइएकाले विदेह नाम भएको भनिन्छ । यो मिथिलाको नाममा पनि प्रसिद्ध छ । सिमरौनगढमा कर्णाटकवंशी न्यान्यदेवले सन् १०९७ मा राज्य स्थापना गरेका थिए ।*

**शब्दकुञ्जी** : पुरातात्विक, उत्खनन्, इशापूर्व, ताम्रप्रस्तर, प्रागइतिहास

## परिचय

विदेह अर्थात मिथिला, सिम्रौनगढ, तिरभुक्ति तिरहुत संस्कृति पूर्वमा कोशी, पश्चिममा गण्डकी, उत्तरमा हिमालय पर्वत र दक्षिणमा गंगासम्म फैलिएको थियो । होलोसियन कालमा इक्ष्वाकु वंशका जनक राजा निमीबाट मिथीको जन्म भई मिथिला सभ्यताको बिजारोपण गरेका थिए । त्यसपछि सन् १०९७ मा कर्णाटकवंशी न्यायदेवले सिम्रौनगढमा राज्य स्थापना गरेका थिए । उनीपछि ओइनवार तथा द्रोनवरवंशले राज्य चलाए । सेनवंशी राजा लोहाङ्ग सेनले कब्जा गरेपछि पृथ्वीनारायण शाहबाट यो क्षेत्र नेपालमा गाभियो । यस पृष्ठभूमिमा मिथिला सभ्यतामा सोह्र जनपद, वृज्जिसंघ, गुप्तकाल, पाल सेन, कर्णाटक, ओइनबार, द्रोनवर, सेन, शाहहरूले राज्य गरेकाले विभिन्न सभ्यता फस्टाउँदै गएको देखिन्छ ।

रातुखोला, महोत्तरीको पातुमा भेटिएको प्रागऐतिहासिक स्थल हावोवियन संस्कृतिको प्रमाणित भएको छ । यसको खोजिगरी सात हजार वर्ष पुरानो भन्ने प्रसिद्ध विदुषी डा.गुड्रन कोर्भिनस थिइन । यसै गरी

खप्टेडाँडामा प्राग- इतिहासका सामग्री भेटिएको छ । पुरातत्व विभागले २०६३/६४ आ.व.मा शुक्रसागर श्रेष्ठको नेतृत्वमा उत्खनन गरी महत्त्वपूर्ण जानकारी हासिल गरे तापनि त्यसपछि त्यस कार्यले निरन्तरता पाएन ।

सिमरौनगढको उत्खनन पुरातत्व विभाग र इटालीको Ismeo ले सन् १९९१, ९२ र ९४ मा गरेको थियो । ७.५ कि.मि उत्तर दक्षिण र ४.५ कि.मि.पूर्व, पश्चिम फैलिएको भुलभुलैया युक्त सुरक्षा चक्रव्यूहको रूपमा चिनिन्थ्यो सिमरौनगढ । यस सभ्यताको वर्णन तिव्वती धर्मस्वामीले खूब गरेका छन् । कालो चिल्लो प्रस्तरमा बनेका सुन्दर मूर्तिहरू अझै पनि पोखरी खन्दा भेटिएको खबर प्राप्त भइरहेकै छ ।

आ.व.२०६१/६२ मा खोकसार उत्खननमा गुप्त कालको संभावना देखिएको थियो भने २५ विघामा फैलिएको यसको विस्तृत अध्ययन हुन सकेको छैन । यहाँबाट लौरीकुदानमा जस्तै विभिन्न बुट्टा कुँदिएका इँटाका गारोहरूको साथै टेराकोटाका जनावर, मूर्तिहरू, भाँडाकुँडाहरू पाइएका छन् ।

२०७९/८० आ.व.मा उदयपुरको मुडगढामा गरिएको प्रारम्भिक उत्खननमा ९.२५x९.२५ मि.को इँटाको संरचना भेटिएको छ । यसलाई स्थानीय सरकारको चाहना वा दवावमा खुला राखिएको छ । शीघ्र उत्खनन र संरक्षण नगरेमा संरचना बिग्रने, भत्कने र असुरक्षित हुने देखिन्छ ।

२०८०/८१ म मौलापुर पतौरा ५ स्थित पुरातात्विक क्षेत्रको उत्खनन्मा जमिनको सतह भन्दा २.२० मि.तल भेटिएको नागर शैलीको मन्दिर भग्नावशेषले नेपालको स्थापत्यकलामा नयाँ आयाम थपेको छ ।

भेनिस चार्टरको अन्तर्राष्ट्रिय वडापत्रमा उत्खननको बारेमा स्मारक र स्थलको संरक्षण र जीर्णोद्धारको उल्लेख दफा नं. १५ मा गरिएको छ । त्यसमा भनिएको छ :-

क) वैज्ञानिक मापदण्ड र पुरातात्विक उत्खननको केसमा सन् १९५६ मा युनेस्कोद्वारा चलनमा ल्याइएको अन्तर्राष्ट्रिय सिद्धान्तहरूलाई परिभाषित गर्न गरिएका सिफारिसहरूको आधारमा उत्खनन् कार्य गर्नु पर्छ ।

ख) पत्ता लागेका वस्तु र वास्तुकलाका पक्षहरूको स्थायी संरक्षण र सुरक्षा गर्ने, भग्नावशेष जोगाउन र अन्य आवश्यक कार्यहरू अनिवार्य गर्नुपर्छ । स्मारकहरूका वारे सत्य तथ्य राम्ररी बुझ्न र तिनको उजागर गर्न हर सम्भव माध्यम अपनाउनु पर्छ ।

ग) प्रत्यक्ष अनुभव र अवलोकन विना सैद्धान्तिक ज्ञानको आधारमा मात्र पुन निर्माण कार्य गरिनु हुँदैन (a priori) ।

भग्नावशेषका मौजुदा तर छुट्टिएका भागहरू पुन जोडेर पुननिर्माण गर्न सकिन्छ । यी कार्यमा प्रयुक्त सामाग्रीहरू चिन्न सकिने र न्यूनतम मात्रामा प्रयोग भएको हुनुपर्छ ताकि पहिलेकै स्वरूपमा स्मारकलाई पुनस्थापना र संरक्षण गर्न सकियोस् (Anastylosis) ।

यसै दफा न. १५ को उत्खनन सम्बन्धमा प्राचीन विदेह सभ्यताको उत्खनन गर्दा देखिएका संभावनाहरू र अवरोध बारे चर्चा गर्न खोजिएको छ ।

सर्वप्रथम रातुखोलाको प्रागऐतिहासिक स्थल बारे कुरा गर्दा यो स्थल गुड्रन कोर्भिनसले अध्ययन अनुसन्धान गरेकी थिइन । यहाँ माइकोलिथिक हतियारहरू प्राप्त भएको थियो । अध्ययनबाट यो संस्कृतिको मानिसहरू भारतबाट नभै पूर्व दक्षिण एशियाको हावोवियन संस्कृति भन्ने थाहा भयो । यस्तो महत्त्वपूर्ण

प्रागऐतिहासिक स्थलको संरक्षण गरी खोज अनुसन्धानलाई अघि बढाउनु पर्नेमा ढुङ्गा ओसार्ने क्रममा यो स्थल पनि चपेटामा परेको भन्ने समाचार वर्दियाबाट निस्कने खबरबाट पढ्न पाइएको थियो ।

सिमरौनगढ मिथिला क्षेत्रको राजधानी थियो । यो चक्रव्यूह गढको उल्लेख इतिहासमा पनि धर्मस्वामी र अन्य स्रोतबाट थाहा पाइन्छ । राजदरवार भएको स्थानमै हाल रनिवास मन्दिरको निर्माण भएको मानिन्छ । यस्तो महत्वपूर्ण पुरातात्विक स्थलमा सरकारले माछापालन केन्द्र घोषणा गरेपछि खनिएका पोखरीहरूमा मूर्तिहरू भेटिदै छन् । यी मूर्तिहरू जसको जमिनका भेटियो उसैले राख्ने प्रवृत्तिले गर्दा धरोहरहरू संकटमा छ । स्थानीय सरकारले अन्तर्राष्ट्रिय स्तरको संग्रहालय निर्माण गरी संरक्षणको पहल गर्न किन ढिला गरिरहेछ ? राष्ट्रिय संग्रहालयमा राखिएका सिमरौनगढका मूर्तिहरू र त्यही कंकाली मठमा बनाइएको संग्रहालयमा राखिएका मूर्तिहरू बीच तुलना गरेर हेर्दा सम्पदाप्रेमीहरू सरकारको उपेक्षा देखेर छिटै घैटोमा घाम लागोस् भन्ने कामना गर्छन् ।

सप्तरीस्थित कनकपट्टी खोकसारको उत्खनन् पहिलो पटक गरिँदा दुईवटा ट्रेन्चमा गरिएको थियो । तर यसको सर्भे गरी नक्साङ्कन गर्दा २५ बिघामा फैलिएको थाहा भयो । दोस्रो पटक गर्दा यसको गारोका संरचनाहरू लौरी कुदानको झैं बुट्टा भएको, ज्यामितिय आकारमा बनाइएको पाइयो । खाँडो नदीको दाहिने किनारमा भएको यो पुरातात्विक स्थलमा चन्द्रभागा स्थल पनि पर्दछ । यहीँबाट शम्भुनाथ मन्दिरमा लगेको प्रस्तरका स्तम्भ, मूर्तिहरू प्रसिद्ध छ । यहाँ भेटिएका संरचनाहरू यति धेरै महत्त्वपूर्ण भए पनि उत्खनन कार्य गर्न सकिएको छैन । तर यो सँगै उत्खनन् कार्य शुरु गरिएको किचकवधको उत्खनन् कार्य अझैसम्म चालु नै छ । यतिका वर्षसम्म के कति काम भयो, के उपलब्धि भयो, अझै कति गर्ने ? कुन संस्कृतिको भन्ने सार्वजनिक बहस कहिल्यै भएको छैन, न त कुनै रिपोर्ट प्रकाशन नै भएको छ ।

पुरातत्व विभागले धनुषा मुखियापट्टिमा गरेको उत्खनन् ज्यादै महत्वपूर्ण र मौर्यकालको भन्ने सुनिए पनि प्रतिवेदन पढ्न पाइएको छैन । मणिमण्डपमा गरिएको दुई पटकको उत्खननले मानिसको बसोबास भएको पाइए पनि कुनै क्रोनोलोजी नभेटिएको अवस्थामा मुखियापट्टीको उत्खनन् उत्साहजनक देखिन्छ ।

त्यस्तै सिराहाको खप्टेडाँडामा परीक्षण उत्खननबाट प्रागऐतिहासिक हतियार, सेमी प्रेसियोस स्टोन, Northern Black Polished Pottery भेटिएको प्रतिवेदनले देखाउँछ । यस कार्यलाई अगाडि बढाउनु जरुरी छ ।

मूर्तिया, पत्थरकोट, टुटेश्वर आदि स्थानहरू पनि पुरातात्विक स्थल भएकोले संरक्षण गर्न आवश्यक छ । उदयपुर गाईघाटस्थित मुडगढाको भग्नावशेष पनि ज्यादै चाखलाग्दो छ । त्रियुगा नगरपालिकाबाट उत्खनन् गराइएकोले उत्खनन् पछि सुरक्षाको लागि प्लाष्टिक राखी माटोले छोप्नुपर्नेमा नगरपालिकाले माटोले पुर्न नदिई आफुले सुरक्षा गर्छु भनेकोले प्लाष्टिकले छोपेर पुरातत्वविद्को टोली फर्केको थियो । तर आजसम्म पुरातत्व विभागले नत पुरातत्वविद् खटाई उत्खनन् अगाडि बढाएको छ नत नगरपालिकाले सुरक्षाको कार्य गरेको पाइएको छ । त्यस्तै रौतहट जिल्लाको मौलापुर नगरपालिका वडा नं ५ स्थित पतौरा शिव मन्दिरको ८० मी. उत्तरतर्फ आ.व. २०७६/७७ मा मौलापुर नगरपालिका र पुरातत्व विभागको संलग्नतामा दुर्हाम विश्वविद्यालय बेलायतको प्राविधिक टोलीद्वारा भू-भौतिक सर्वेक्षण गरेपछि स्थानीयले डोजर लगाई माटो निकाल्दा उत्तरतर्फको गारो नष्ट भएको थियो । त्यसपछि २०७८/७९ मा पुरातत्व विभागद्वारा भग्नावशेषको १४ X १४ मीटरको ट्रेन्च बनाई उत्खनन् कार्य गरेको थियो । पूर्व पश्चिम लामो ८.१० मी. र चौडाई ५.३० मी. को नागर शैलीको मन्दिर भग्नावशेष फेला परेको त्यतिबेलाको फोटो र ड्रइङ्गबाट देखिन्छ । सप्तरथ शैली

जस्तै कुना परेको यो दक्षिणतर्फ बुट्टा इँटाद्वारा बनेको गारो ज्यादै सुन्दर र कलात्मक छ । तर त्यतिबेला भग्नावशेषलाई पुर्न दिइएन । पछि २०८०/८१ मा गई उत्खनन् कार्य गर्दा भग्नावशेषको गारो धेरै बिग्रेको र आफ्नो मौलिक रंग हराएको अवस्थामा पाइयो ।

धनुषा जिल्लास्थित सबैला नगरपालिकाको वडा नं ६ गोविन्दपुरमा मठेश्वर महादेव मन्दिरको भग्नावशेष रहेको छ । यहाँ सबैला नगरपालिकाको पहलमा पुरातत्व विभागले २०८१ असार ७ गतेदेखि दुई हप्ता उत्खनन् कार्य सम्पन्न गरेको थियो ।

यसको उत्खननबाट यो मन्दिर ६.३० X ५.४५ मि.को काटेको प्रस्तरबाट विना मोर्टार फलामको चुकुलले जोडेर बनाइएको पाइयो । जगमा इँटाको गारो हाली प्रस्तरको गारो लगाइएको भेटियो । यसको गर्भगृह प्रवेशद्वार पश्चिमपट्टि रहेको छ । यो २ मिटर चौडा छ । यहाँ १.६३ मि.को पार्टिको भएको पाइयो । मन्दिरको उत्तर, पूर्व र दक्षिणमा ज्यामितिय रेखाको अष्टकोण भएको पेटी छ । सबभन्दा महत्त्वपूर्ण उपलब्धि भनेको पश्चिम दक्षिण पेटीमा ६३ X २४ से.मि. प्रस्तरमा १२ X ८ से.मिको अक्षर माना भेटिएको थियो । त्यहाँ छरिएर रहेका प्रस्तरहरूमा अन्य अक्षरहरू, मूर्तिहरू भेटिने धेरै सम्भावना छ । एन्टिक्यूटीको नाममा फलामको चुकुल, मन्दिरमा चढाएको नेपाली र भारतिय नयाँ सिक्काहरू, माटोको चिलिम, माटोको भाँडाको घाँटी आदि पाइएको छ । वर्षातको समयमा उत्खनन् कार्य गरेकोले Virgin soil सम्म जान सकिएन ।

दोस्रो वर्ष २०८२ को उत्खननमा मन्दिरको पर्खाल र पूर्व दक्षिणतर्फ रथ शैलीको इँटाले बनेको मन्दिरको भग्नावशेष फेला परेको छ । यसले गर्दा चारै कुनामा मन्दिर पो छ कि ? भन्ने जिज्ञासा जगाएको छ । यसको लागि पनि थप उत्खनन गर्नु पर्ने छ ।

**प्रतिवेदन**

उत्खनन् कार्य विभिन्न विज्ञहरूबाट गरिने अनुसन्धनात्मक खोजी कार्य हो । यसलाई हतारले छिटो छिटो गरेर निष्कर्षहिन अवस्थामा छोड्न मिल्दैन । यस्तो कार्यलाई प्रमाण नष्ट गर्ने कार्य भनिन्छ । लुम्बिनी र तिलौराकोटको कुरा गर्ने हो भने सन् १८९६ मा पत्ता लागेको अझै पनि सबै भग्नावशेषको उत्खनन् भइसकेको छैन । भारतको हरियाणास्थित राखीगढीको उत्खनन् सन् १९९७ देखि अहिलेसम्म भैरहेको छ । हरेक उत्खनन्बाट निस्केको बस्तु तथा अवशेषको गहन अध्ययन गरेपछि मात्र भग्नावशेष बारे सत्य तथ्य तथा काल निर्धारण गर्न सकिने आधार तयार गर्न सकिने हुन्छ । दबाव र हतारमा गरिने अनुसन्धानमुलक र खोजपूर्ण कामले जसभन्दा अपजसको भारी बोक्नुपर्ने अवस्था हुन्छ । विश्वमा फेला परेका प्राचीन भग्नावशेषको पुनःनिर्माण कार्य ज्यादै जटिल, संवेदनशील र खर्चिलो हुन्छ । त्यस्ता भग्नावशेषहरू ब्युँताउने प्रयास दुष्कर ठानिन्छ । गम्भीर सम्पदा प्रेमीले संवेदनशिल भएर धेरै सोचविचारले काम गर्नु आवश्यक हुन्छ । हरेक उत्खनन कार्यको वैज्ञानिक प्रतिवेदन अनिवार्य छ । लेयर, क्वाड्रेन्ट, स्ट्रक्चर आदिको फोटो तथा ड्इङ्ग प्रतिवेदनमा समावेश भएकै हुनुपर्छ ।

अन्त्यमा गोकर्ण बालुवाको अंशुवर्माको संवत् ५३६ शिलालेख भएको स्थानमा परीक्षण उत्खनन् गर्दा गारोहरू फेला परेको थियो । उक्त स्थान निजी भए पनि सम्बन्धित गाउँ पालिकालाई, “लिच्छवि भग्नावशेष भएकोले घर बनाउन दिनु हुन्न” भनी पुरातत्व विभागबाट आवश्यक कारवाहीको लागि पत्राचार गरेकोमा स्थानीय गाउँपालिकाले घर बनाउन दिएको उदाहरण छ ।

## निष्कर्ष

पुरातात्विक अध्ययन, अनुसन्धान र उत्खनन यस्तो अध्ययन हो जसले मानव जातिको हराएको वा बिर्सिइएको इतिहासलाई वैज्ञानिक प्रमाणको आधारले जोडने कार्य गर्छ । पुरातत्व विभागले सुरु गरेका उत्खनन कार्यहरूलाई निष्कर्षमा नपुगुञ्जेल सम्म निरन्तरता दिनुपर्छ । विभागमा दक्ष जनशक्ति र आवश्यक बजेट बढाउनु अत्यावश्यक भइसकेको छ । कतिपय पुरातात्विक स्थलहरू मानिसको स्वार्थताले र अज्ञानताले विलुप्त हुन पुगेका छन् भने कतिपय पुरातात्विक स्थलहरूहरू सचेत मानिसकै कारणले संरक्षित पनि भएको छ । पुरातत्व विभागले पुरातात्विक अध्ययन, अनुसन्धान र उत्खनन कार्यलाई उच्च प्राथमिकता दिन ढिला भइसकेको छ ।

## सन्दर्भ सामग्रीसूची


- Darnal, P. (2069 BS). Preliminary Report on Khoksar Excavation in 2061/62 B.S. (2004/5 A.D.), *Ancient Nepal No.180. 2012,* Department of Archaeology, pp. 6-40.
- Corvinus, G. (1987). *Patu: a new Stone Age site of a Jungle Habitat in Nepal,* Quartar 37/38.
- Shrestha, S. S. (2064 BS). Khapatedanda, *Ancient Nepal No.164.* 2007 ,Department of Archaeology, pp. 1-10.
- दर्नाल, प्रकाश (२०८१ माघ १९), गाईघाट उत्खनन मुढगडाको सभ्यता प्राचीन हुन सक्ने, *गोरखापत्र,* गोरखापत्र संस्थान ।
- त्रिपाठी, चन्द्रप्रसाद (२०५७), *सिमरौनगढको पुरातात्विक अध्ययन,* डा., रामदयाल राकेश, सिमरौनगढ विषयक सङ्गोष्ठी, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ. २३–३९ ।



खोक्सार उत्खनन् पछि


खोक्सार गारोको ज्यामितिय बुट्टा



कलात्मक गारो



ट्रेन्चमा पाइएको गारो तथा भुईं



चराको बुट्टा भएको गारो



मुडगढाको उत्खनन्



मुडगढाको उत्खनन्मा भेटिएको समानान्तर गारो



उत्खनन् पछि प्लाष्टिकले छोपेको



मौलापुरमा भेटिएको कलात्मक नागर शैलीको मन्दिर भग्नावशेष



मौलापुरमा भेटिएको कलात्मक नागर शैलीको मन्दिर भग्नावशेष



मौलापुरको भग्नावशेषको पश्चिम पट्टि भेटिएको गोलाकार गारो



मौलापुरको भग्नावशेषको पूर्व पट्टिको पर्खाल



मौलापुर भग्नावशेषको हालको अवस्था



धनुषा, सबैलास्थित मठेश्वर महादेव मन्दिर



धनुषा, सबैलास्थित मठेश्वर महादेव मन्दिर परिसरको इँटाको मन्दिर



गोकर्ण बालुवाको पुरातात्विक स्थल



उत्खनन् गर्दा भेटिएको गारो



गोकर्ण बालुवाको पुरातात्विक स्थलमा बनेको नयाँ घर